आज मिति २०८२ साल भाद्र १९ गते विहीबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

उपस्थितिहरु:

| क्र. सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री बुद्धिराम बस्नेत | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री सुजना सुनार (का.वा.अध्यक्ष) | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री पन्दुर गुरुङ (का.वा.अध्यक्ष) | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

अन्य उपस्थिति

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विनायक तिमिल्सिना | प्रशासकीय अधिकृत | |
| २ | श्री बलराम श्रेष्ठ | लेखा अधिकृत | |
| ३ | श्री अमृत बहादुर घले | ज० स्वा० नि० | |
| ४. | श्री बिजय कुमार श्रेष्ठ | लि·अ·हे·व·अ· | |

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. प्रमुख प्रशासकीय अधिकृतको विदाई एवम् स्वागत सम्बन्धमा ।
३. नदिजन्य पदार्थ (ढुंगा गिटी वालुवा) को उत्खनन तथा संकलनका लागि प्रारम्भिक वातावरणीय अध्ययन गर्ने सम्बन्धमा ।
४. हुल्चुक सामूदायिक स्वास्थ्य इकाइको भवनको ठेक्का आव्हान गर्ने सम्बन्धमा ।
५. संघ र प्रदेश सरकारबाट धार्चे क्षेत्रभित्र कार्यान्वयन हुने विकास योजनाहरु सम्बन्धमा ।
६. गाउँ शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।
७. विविध कार्यविधि, मापदण्ड पास गर्ने सम्बन्धमा ।
८. स्वास्थ्य कर्मचारी हेरफेर सम्बन्धमा ।
९. संविधान दिवस (असोज ३) मनाउने सम्बन्धमा ।
१०. वडा नं. ४ को जग्गाको भोगाधिकार सम्बन्धमा ।
११. विविध परिपत्र सम्बन्धमा ।
१२. करार कर्मचारी भर्ना सम्बन्धमा ।
१३. सरुवा सहमति सम्बन्धमा ।
१४. खानेपानी उपभोक्ता समिति र लघुजलविद्युत दर्ता सम्बन्धमा।
१५. SBA TRAINING तालिम सम्बन्धमा ।
१६. स्वास्थ्य विमा सम्बन्धमा ।
१७. सर्जङवेशी सडक ठेक्का सम्बन्धमा ।
१८. खोत्राङखोला काठेपुल निर्माण सम्बन्धमा ।

**<u>निर्णयहरु:</u>**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकामा तिन वर्ष लामो समय कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री काजीमान सुनार ज्यू को सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सरुवा भएकोले उहाँलाई विदाई र सङ्घीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय बाट मिति २०८२/०५/१२ गते को निर्णय बमोजिम कामकाजमा खटिनुभएका प्रमुख प्रशासकीय अधिकृत श्री बुद्धिराम बस्नेत ज्यूलाई मिति २०८२/०५/१९ गते स्वागत तथा विदाई कार्यक्रम मार्फत विदाई तथा स्वागत गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा नदिजन्य पदार्थ (ढुंगा गिटी वालुवा) को उत्खनन तथा संकलनका लागि यसअघि गरिएको प्रारम्भिक वातावरणीय अध्ययनको अवधि समाप्त भइसकेको र पुन नदिजन्य पदार्थ (ढुंगा गिटी वालुवा) को उत्खनन तथा संकलनका लागि प्रारम्भिक वातावरणीय अध्ययन गर्नुपर्ने भएकोले आ.व २०८२/८३ को स्वीकृत बजेट बमोजिम परामर्श सेवा खरिद गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व.२०८२/८३ मा गण्डकी प्रदेश विशेष अनुदान बाट विनियोजित हल्चुक सामूदायिक स्वास्थ्य इकाइको भवनको ठेक्का आव्हान प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व २०८२/८३ मा यस पालिका क्षेत्रभित्र संघ तथा प्रदेश सरकारबाट कार्यान्वयन हुने योजना, आयोजना तथा कार्यक्रमहरुको विवरण तत् कार्यालयहरुबाट माग गर्ने साथै त्यस्ता योजना, आयोजना तथा कार्यक्रमहरु कार्यान्वियनमा आउँदा समन्वय तथा सहमति गर्ने अधिकार गाउँपालिका मार्फत गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा मिति २०८२/०५/१८ गते बसेको गाउँ शिक्षा समितिले विविध विषयमा गरेका निर्णय शाखा प्रमुखबाट कार्यपालिकामा प्रस्तुत गरि छलफल गरियो ।सो सम्बन्धमा शिक्षा समितिले विविध विषयमा गरेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आ.व. को नीति योजना कार्यक्रम तथा बजेटको प्रभावकारी एवम् व्यवस्थित रुपमा कार्यान्वयन गर्न गराउनका लागि तपशिल बमोजिमका कानून कार्यविधिहरुको मस्यौदा प्रमुख प्रशासकीय अधिकृतमार्फत शाखाहरुबाट बैठकमा पेश भई दफाबार रुपमा अध्ययन एवम छलफल गरियो।सो सम्बन्धमा उक्त कानून कार्यविधिहरु स्वीकृत/पारित गरि सोहि बमोजिम कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

तपशिल

क. धार्चे गाउँपालिकाको योजना अनुगमन मुल्याङ्कन तथा अनुगमन समितिको कार्यसञ्चालन कार्यविधि,२०८२

ख. कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि,२०८२

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस धार्चे गाउँपालिकाको स्वास्थ्य सेवालाई थप गुणस्तरीय, प्रभावकारी, जवाफदेही एवम् नतिजामूलक बनाउनका लागि गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य सेवाका कर्मचारीहरुलाई तपशिल बमोजिम कामकाजमा खटाउने निर्णय गरियो ।

<u>तपसिल</u>

| सि.नं. | कर्मचारीको नामथर | पद | हाल कार्यरत निकाय | कामकाजमा खटाइएको निकाय | कै |
|---|---|---|---|---|---|
| १ | मेलिना गुरुङ | अ.न.मी | काशीगाउँ स्वास्थ्य चौकी | धार्चे आधारभूत अस्पताल | |
| २ | प्रदिप कुमार शाह | अ.हे.ब | माछीखोला स्वास्थ्य चौकी | गुम्दा स्वास्थ्य चौकी | |
| ३ | धन बहादुर गुरुङ | अ.हे.ब | लाप्राक स्वास्थ्य चौकी | धार्चे आधारभूत अस्पताल | |
| ४ | सपना कुमार घिमिरे | अ.हे.ब | गुम्दा स्वास्थ्य चौकी | लप्सीबोट सामुदायिक स्वास्थ्य इकाई | |
| ५ | लक्ष्मी बराम | अ.न.मी | गुम्दा स्वास्थ्य चौकी | यार्सा सामुदायिक स्वास्थ्य इकाई | |
| ६ | मनिता गुरुङ | अ.न.मी | लप्सीबोट सामुदायिक स्वास्थ्य इकाई | गुम्दा स्वास्थ्य चौकी | |

CamScanner

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा नेपाल सरकार गृह मन्त्रालय सिंहदरवार काठमाडौको च नं १४५ मिति २०८२।०५।१० गतेको पत्र प्राप्त भई बैठकमा पेश गरि छलफल गरियो । सो सम्बन्धमा यस वर्षको संविधान दिवस (असोज ३) भव्य रुपमा मनाउनका लागि देहाय बमोजिम गर्ने निर्णय गरियो ।

तपशिल

क. २ गते पालिका कार्यालय वडा कार्यालय स्वास्थ्य संस्था तथा विद्यालयमा राष्ट्रिय झण्डा सजाई कार्यालय र परिसर सरसफाई गर्ने ।

ख. पालिका कार्यालय वडा कार्यालय स्वास्थ्य संस्था तथा विद्यालयमाहरुमा २, ३ र ४ गते साँझ दिप प्रज्वलन गर्ने

ग. पालिकावासी आम नागरिकहरुलाई आ-आफ्ना घर टोल तथा सार्वजनिक स्थलहरुको सरसफाई र ३ गते साँझ घर घरमा दिप प्रज्वलन गर्न अनुरोध गर्ने ।

घ. ३ गते विहान ८ बजे माछीखोला र खोलविशी सरसफाई विहान १० वजे प्रभातफेरी कार्यक्रम तत्पश्चात मन्चको कार्यक्रम गर्ने निर्णय गरियो ।

१०.प्रस्ताव नं. १० माथि छलफल गर्दा धार्चे गाउँपालिका वडा नं ४ को दर्ता हुन छुट बाँकी जग्गाको विषयमा छलफल भयो । सो सम्बन्धमा धार्चे गाउँपालिका वडा नं ४ को मिति २०८२/०४/१८ गते बसेको बैठकले गरेको निर्णय बमोजिम सम्बन्धित निकायमा सहजीकरणको लागि पत्राचार गर्ने निर्णय गरियो ।

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा मिति २०८२/०५/१८ गते गोरखा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री रामु राज कडरिया ज्यूको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको बैठकले गरेका निर्णयहरुमाथि छलफल गरियो ।सो सम्बन्धमा मनसुनको समयमा भत्के विग्रेका सडक संरचना समयमै मर्मत सम्भार गर्न प्राविधिक इस्टिमेट गर्ने र मर्मत तथा सरसफाईको कार्यलाइ अगाडी बढाउने, न्याउली खोला झरणामा खोलाले बाटो अवरुद्ध गरी आरुघाट लार्केभञ्याङ मार्ग अवरुद्ध भएकोले सो मार्ग तत्काल खुलाउने कार्य गर्ने लगायत अन्य विपतजन्य घटना भएमा स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बसी आवश्यक निर्णय गर्ने निर्णय गरियो ।

१२.प्रस्ताव नं. १२ माथि छलफल गर्दा गाउँपालिकालाई आवश्यक कर्मचारी करार सेवामा भर्ना गर्ने भनी मिति २०८२/०४/२६ गते सूचना प्रकाशित गरेको र उम्मेदवारहरुको दरखास्त प्राप्त भइसकेको हुनाले देहाय बमोजिम परिक्षा सञ्चालन गरी कर्मचारी भर्ना गर्ने निर्णय गरियो ।

देहाय

| सि. नं. | विज्ञापन नं. | पद | तह | माग संख्या | मिति | समय | स्थान | परिक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०१-०८२/८३ | अ.सब.ई | चौथो | १ | २०८२।०५।२७ | विहान ७:३० बजे | गा.पा. भवन | लिखित परिक्षा र अन्तवार्ता |
| २. | ०२-०८२/८३ | अ.न.मी. | चौथो | १ | २०८२।०५।२८ | विहान ८:०० बजे | गा.पा. भवन | लिखित परिक्षा र अन्तवार्ता |
| ३. | ०३-०८२/८३ | वैद्य | चौथो | १ | २०८२।०५।२८ | विहान ८:०० बजे | गा.पा. भवन | लिखित परिक्षा र अन्तवार्ता |

१३.प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस धार्चे गाउँपालिकामा गण्डकी प्रदेश लोकसेवा आयोग र मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट स्वास्थ्य सेवामा कर्मचारी सिफारिस/सरुवा भई आउने र विभिन्न कारणले तत्काले सरुवा भई जान सहमति माग्ने गरेको हुँदा गाउँपालिकाको स्वास्थ्य क्षेत्रको सेवा प्रभावित हुने देखिएकोले विशेष परिस्थितिमा बाहेक ३ वर्ष सम्म सरुवा सहमति नदिने निर्णय गरियो ।

१४.प्रस्ताव नं. १४ माथि छलफल गर्दा धार्चे गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलश्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलश्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्ने एवं जलश्रोतलाई प्रदूषणमुक्त राखी समुचित प्रयोग गर्न नियमानुसार

CamScanner

खानेपानी उपभोक्ता समिति गठन गर्ने र स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११घ(३) बमोजिम एक मेगावाटसम्मको जलविधुत आयोजनासम्बन्धी स्थानीयस्तरको नीति,कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन गर्ने अधिकार स्थानीय तहलाई भएकोले धार्चे गाउँपालिकामा विभिन्न ठाउँमा सञ्चालनमा रहेका जलविधुत आयोजनाहरु दर्ता भए नभएको सम्बन्धित वडा कार्यालयहरुले अनुगमन गरी दर्ता नभएको भए दर्ता प्रक्रियामा लाने निर्णय गरियो ।

१५.प्रस्ताव नं. १५ माथि छलफल गर्दा धार्चे गाउँपालिका अन्तर्गत विभिन्न स्वास्थ्य संस्यामा गर्भवती महिलाको सुत्केरी प्रकृया सुरक्षित गराउनका साथै नवजात शिशुको स्वास्थ्य सुधार गर्न SBA TRAINING आवश्यक पर्ने भएकोले आ.व. २०८२/८३ को बजेटमा रु २ लाख विनियोजन गर्ने निर्णय गरियो ।

१६.प्रस्ताव नं. १६ माथि छलफल गर्दा स्वास्थ्य बिमा कार्यक्रमको अवधारणालाई धार्चे गाउँपालिकामा सर्वसाधारण सबैसमक्ष पुर्याउन साथै बिमित व्यक्तिलाई दिने सेवा सुविधाको बारेमा जानकारी दिनका लागि तालिम सञ्चालन गर्न आ.व २०८२/८३ को बजेटमा रु १ लाख विनियोजन गर्ने निर्णय गरियो ।

१७.प्रस्ताव नं. १७ माथि छलफल गर्दा आ.व. २०८२/८३ का लागि गण्डकी प्रदेश सरकारबाट सर्जङबेशी काशीगाउँ सडक निर्माणका लागि समपुरक अनुदानका रुपमा रु ६०,००,०००। विनियोजन भएकोले उक्त योजना समयमै सम्पन्न गर्नका लागि आवश्यक ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

१८.प्रस्ताव नं. १८ माथि छलफल गर्दा मनसुन तथा वर्षाले खोत्राङखोलामा निर्मित काठेपुल बाढीले डुबाएकोले उक्त क्षेत्रमा आवातजावात गर्न एवम पर्यटकहरुको ट्रेकिङ रुट पनि पर्ने भएकोले पर्यटकहरु आवातजावत गर्न असहज भएकोले नयाँ काठेपुल निर्माणका लागि प्राविधिक इस्टिमेट गरेर अमानतबाट निर्माण गर्ने निर्णय गरियो ।

CamScanner

आज मिति २०८२ साल असोज ०५ गते आइतबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

उपस्थितिहरुः

| क्र. सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री बुद्धिराम बस्नेत | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री पन्दुर गुरुङ (का.वा.अध्यक्ष) | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

अन्य उपस्थिति

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलराम श्रेष्ठ | लेखा अधिकृत | |
| २ | श्री विजय कुमार श्रेष्ठ | जिन्सी शाखा प्रमुख | |
| ३ | | | |
| | | | |

CamScanner

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. चालु आ.व.को हालसम्म भएका विकास निर्माण र सेवा प्रवाहको बारेमा मासिक रिपोर्टिङ सम्बन्धमा ।
३. चालु आ.व.मा हुने विकास निर्माण र सेवा प्रवाह सम्बन्धमा ।
४. सडक मर्मत तथा सरसफाई सम्बन्धमा ।
५. सडक बालबालिका मुक्त पालिका घोषणा गर्ने सम्बन्धमा ।
६. निस्क्रिय रहेका उपभोक्ता सहकारी संस्था खारेजी सम्बन्धमा ।
७. पशु प्राविधिकहरुको प्रोत्साहन भत्ता सम्बन्धमा ।
८. प्राविधिकहरुको खटनपटन सम्बन्धमा ।
९. उपभोक्ता समिति गठन सम्बन्धमा ।
१०.फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।
११.होर्डिङ बोर्ड व्यवस्थापन सम्बन्धमा ।
१२.अस्थाई तथा करार कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धमा ।
१३.विविध ।

CamScanner

निर्णयहरु:

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।

३. प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा चालु आ.व. २०८२/०८३ मा हुने विकास निर्माण र सेवा प्रवाहलाई थप चुस्त, दुरुस्त, छिटो, छरितो, गुणस्तरीय, प्रभावकारी, पारदर्शी, जवाफदेही, उत्तरदायी एवम् नतिजामूलक तुल्याउनका लागि देहाय बमोजिम गर्ने निर्णय गरियो-

क. प्राविधिक कर्मचारीहरुलाई वडागत रुपमा खटाउने ।
ख. उपभोक्ता समितिको गठन तिहार लगतै गरिसक्ने ।
ग. उपभोक्ता समितिलाई अभिमुखीकरण तालिम कार्तिक अन्तिम हप्तासम्म दिने ।
घ. प्राविधिक कर्मचारीहरुका लागि आवश्यक आधारभूत तालिम कार्तिक तेस्रो हप्तामा संचालन गर्ने ।
ङ. प्रारम्भिक फिल्ड सर्भे र लागत इस्टिमेट कार्तिक मसान्तसम्म गरिसक्ने ।
च. योजना तथा कार्यक्रम सम्झौता मंसिर मसान्तसम्म गरिसक्ने ।
छ. योजना तथा कार्यक्रम कार्यान्वयनको शिलशिलामा काम शुरु हुनु भन्दा अगाडी, कार्यको बीचमा र अन्त्यमा गरी ३ पटक अनिवार्य रुपमा सम्बन्धित प्राविधिक, वडा समिति र पालिकास्तरीय अनुगमन समितिबाट अनुगमन तथा निरिक्षण गर्ने ।
ज. उपभोक्ता समिति गठन गर्दा सम्बन्धित टोलको हुनु पर्ने ।
झ. दिगो विकास निर्माणमा जोड दिने ।
ञ. नागरिक बडापत्रलाई थप प्रभावकारी बनाउने ।
ट. विधि र प्रक्रियालाई कडाईका साथ अवलम्वन गर्ने ।
ठ. प्रक्रियागत सरलीकरण गर्दै नतिजामूखी सेवा प्रवाहमा जोड दिने ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको क्षेत्रभित्र वर्षायामको समयमा मनसुनजन्य विपदका घटनाहरुबाट क्षति भएका पदमार्ग तथा सडकहरु प्राविधिक सर्वेक्षण तथा मुल्याङ्कन गरि आवश्यकता तथा प्राथमिकताका आधारमा आगामी दशैभित्र सरसफाई गरि मानिसहरु, सवारी साधन तथा पशुचौपाय आवतजावतमा सहजता ल्याउन गाउँपालिकाको मेसिन पुग्ने ठाउँसम्म मेसिनले छिटो छरितो रुपमा सडक सरसफाई गर्ने मेसिन नपुग्ने ठाउँमा उपभोक्ता समितिले प्राविधिकसँग समन्वय गरी लागत इष्टिमेट अनुसार सरसफाई कार्य गरि प्राविधिक मुल्याङ्कन बमोजिम आपतकालीन सडक मर्मत सम्भार शिर्षकबाट खर्च व्यहोर्ने गरि सरसफाई कार्य गर्ने व्यवस्था मिलाउने हाललाई तपशिलको सडकखण्डको इस्टिमेट तयार भईसकेकोले आसन्न दशै लगायतका चाडपर्वलाई मध्यनजर गरि छिटो छरितो रुपमा सडक सरसफाई गर्नुपर्ने आवश्यकता भएकोले उपभोक्ता समितिमार्फत कार्य गर्ने गराउने निर्णय गरियो ।

तपशिल

| क्र. सं. | सडक खण्डको नाम | जम्मा रकम (रु.मा) (भ्याटसहित) | कैफियत |
|---|---|---|---|
| १ | रुन्चेत-माछीखोला सडक खण्ड | ३,५०,०००.००।- | |

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा राष्ट्रिय बाल अधिकार परिषद श्रीमहल पुल्चोक, ललितपुरको च.नं. १७३० मिति २०८२/०१/२८ को पत्र प्रमुख प्रशासकीय अधिकृत मार्फत बैठकमा प्रस्तुत भई छलफल भयो । सो पत्रअनुसार पालिका अन्तर्गतका सबै वडाहरुले सडक बालबालिकाको विवरण उपलब्ध गराउने र सडक बालबालिका नभएको भनि सबै वडाहरुबाट सिफारिस भई आएमा कार्यपालिका बैठकले सडक बालबालिका मुक्त पालिका घोषणा गर्न सक्ने भन्ने प्रावधान अनुरुप धार्चे गाउँपालिकाले पनि आफ्ना ७ वटै वडाहरुसँग सडक बालबालिकाको विवरण माग गरेको र सबै वडाहरुबाट वडा समितिको निर्णय बमोजिम कुनै पनि सडक बालबालिका नरहेको भनी सिफारिस भई आएकोले सडक बालबालिका मुक्त पालिका घोषणा गरी सोको जानकारी राष्ट्रिय बाल अधिकार परिषदमा पठाउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा धार्चे गाउँपालिका सहकारी ऐन, २०७४ को परिच्छेद १५ को दफा ६६, उपदफा ३(क) अनुसार लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा संस्थाको दर्ता खारेज गर्न सक्ने कानुनी प्रावधान रहेकोमा निम्न संस्थाहरुले विगत १६ वर्षदेखि साधारण सभा निर्णय प्रतिलिपि, बार्षिक लेखापरिक्षण प्रतिवेदन लगायत अन्य तोकिए बमोजिमको कागजपत्रहरु यस कार्यालयमा प्राप्त नभएको हुँदा तपशिल बमोजिमका संस्थाहरु खारेजीमा लान नपर्ने कुनै कारण भएमा ३५ दिनको

CamScanner

सूचना निकाली सामाजिक विकास शाखामा सम्पर्क गर्न अनुरोध गर्ने यदि ३५ दिनसम्म पनि सम्पर्कमा नआए कानुनले तोके बमोजिम खारेजीको प्रक्रियामा लाने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | संस्थाको नाम | दर्ता नं. | ठेगाना | अवस्था |
|---|---|---|---|---|
| १. | लाप्राक उपभोक्ता स.सं.लि. | ९/०६६/६७ | धार्चे गा.पा.४ | निस्कृय |
| २. | समाजकल्याण उपभोक्ता स.सं.लि. | ३१/०६६/६७ | धार्चे गा.पा.५ | निस्कृय |
| ३. | सयपत्री उपभोक्ता स.सं.लि. | ३०/०६६/६७ | धार्चे गा.पा.७ | निस्कृय |
| ४. | गर्जङ उपभोक्ता स.सं.लि. | २१/०६६/६७ | धार्चे गा.पा.२ | निस्कृय |
| ५. | तातोपानी उपभोक्ता स.सं.लि. | १९/०६६/६७ | धार्चे गा.पा.३ | निस्कृय |

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा धार्चे गाउँपालिका वा अन्तर्गतका वडा कार्यालयहरुमा कृषि सेवा प्राविधिकहरु धेरैजसो फिल्डमा गएर किसानका पशुचौपायाको उपचार गर्नुपर्ने र हाल गाउँपालिकाले प्रदान गर्दै आएको तलबले मात्र पशु सेवा प्राविधिकहरुलाई उत्प्रेरित गर्न नसकिएको हुँदा प्रोत्साहित गर्न अन्य कानूनसँग नबाझिने गरी आवश्यक सेवा सुविधा सम्बन्धि मापदण्ड, कार्यविधि बनाई प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा धार्चे गाउँपालिका एवं मातहतका वडा कार्यालयहरुमा कार्यरत प्राविधिक जनशक्तिहरुको मनोबल उच्च राखुका साथै फरक भुगोलको कार्यअनुभव दिलाउने हेतुले प्रमुख प्रशासकीय अधिकृत मार्फत सम्बन्धित प्राविधिक शाखाबाट कामकाजमा खटनपटनको प्रस्ताव पेश भई बैठकमा छलफल भयो । सो सम्बन्धमा तपशिल बमोजिमका प्राविधिक कर्मचारीहरुलाई तपशिल बमोजिमका कार्यक्षेत्रमा कामकाजमा खटाउने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | कर्मचारीको नाम | तह | हाल कार्यरत | प्रस्तावित |
|---|---|---|---|---|
| १. | संजय महरा | पाँचौ | वडा नं. १ हुल्चुक | वडा नं ३ उहिया |
| २. | उमेश परियार | चौथो | वडा नं. २ केरौजा | वडा नं ५ गुम्दा |
| ३. | राज कुमार पुलामी | चौथो | वडा नं ३ उहिया | वडा नं ४ लाप्राक |
| ४. | सन्तोष यादव | चौथो | वडा नं ४ लाप्राक | पालिका केन्द्र |
| ५. | मिलन सुनार | पाँचौ | वडा नं ५ गुम्दा | - |
| ६. | केशव नेपाली | पाँचौ | वडा नं ६ काशीगाउँ | वडा नं. २ केरौजा |
| ७. | नितिश कुमार यादव | चौथो | वडा नं. ७ लापु | वडा नं ६ काशीगाउँ |
| ८. | सुजन शर्मा | पाँचौ | पालिका केन्द्र | वडा नं. ७ लापु |
| ९ | विकास श्रेष्ठ | खा.पा.स.टे चौथो | पालिका केन्द्र | पालिका केन्द्र |
| १०. | नविन गुरुङ | रोजगार सहायक पाँचौ | पालिका केन्द्र | पालिका केन्द्र |

साथै वडा नं १ हुल्चुकमा विज्ञापन भइसकेको परीक्षाबाट छनौट भएको कर्मचारीलाई खटाइनेछ ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालु आ.व. २०८२/०८३ को बजेटलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न उपभोक्ता समितिमार्फत गर्ने योजनाहरुलाई समयमै सम्पन्न गर्न तिहार लगतै सबै वडाहरुले उपभोक्ता समिति गठन गरिसक्ने र सोको जानकारी गाउँपालिकाको योजना शाखामा गराउने निर्णय गरियो ।

१०.प्रस्ताव नं. १० माथि छलफल गर्दा धार्चे गाउँपालिकाको केन्द्र माछीखोला र खोलबिशी क्षेत्र बजार क्षेत्रको फोहोरमैला सङ्कलन र व्यवस्थापन गरी सो क्षेत्रलाई प्रदुषणमुक्त गरी शहरी सौन्दर्यलाई कायम राख्न माछीखोला क्षेत्रमा महिनामा ४ पटक र खोलबिशी क्षेत्रमा महिनामा दुई पटक सङकलन गर्न इच्छुक ट्रयाक्टर व्यवसायीलाई वार्षिक कोटेशन माग गरी न्युनतम सारभुत रुपमा प्रभावग्राही व्यवसायीसँग वार्षिक सम्झौता गर्ने निर्णय गरियो ।

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा धार्चे गाउँपालिका क्षेत्रभित्र विभिन्न कम्पनी, संघसंस्थाहरुले गाउँपालिकालाई नियमानुसार राजस्व दाखिला नगरी जथाभावी रुपमा होर्डिङ राख्ने गरेकोले सो कार्यलाई व्यवस्थित गर्न पालिकाको आर्थिक ऐन २०८२/०८३ बमोजिम लाग्ने प्रतिवर्गफिट रु ७५ दाखिला गरि अनुमति लिएर मात्र होर्डिङ बोर्ड राख्ने व्यवस्था मिलाउने अन्यथा कानुन बमोजिम कारवाही गर्ने निर्णय गरियो ।

CamScanner

१२.प्रस्ताव नं. १२ माथि छलफल गर्दा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. ७८७ मिति २०८२/०२/१६ गतेको पत्र प्रमुख प्रशासकीय अधिकृत मार्फत बैठकमा पेश गरी जानकारी प्राप्त भयो । सो सम्बन्धमा धार्चे गाउँपालिका भित्र कार्यरत प्रदेश संचित कोष र स्थानीय संचित कोषबाट पारिश्रमिक पठाउने (प्रचलित कानून बमोजिम निवृतभरण पाउने बाहेक) व्यक्तिलाई सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचीकृत गरी निजहरुले खाईपाई आएको तलबको कम्तिमा साठी प्रतिशतलाई आधारभूत तलब मानी त्यसको बिस प्रतिशत रोजगारदाताबाट र एघार प्रतिशत योगदानकर्ताको तर्फबाट जम्मा गरेर सबैलाई सामाजिक सुरक्षा कोषमा आवद्धताका लागि सूचिकृत गर्ने सम्बन्धमा पालिका भित्र कार्यरत अस्थाई तथा करार कर्मचारीहरुको विवरण र खर्चको अनुमान तयार गरी प्रमुख प्रशासकीय अधिकृतले अर्को कार्यपालिकामा प्रस्तुत गर्ने निर्णय गरियो ।

१३.प्रस्ताव नं. १३ माथि छलफल गर्दा आसन्न वडादशैका अवसरमा नेपाल प्रहरीले मौलो तथा हतियार पुजा गर्ने परम्परा अनुसार गाउँपालिकामा खर्च व्यवस्थापनका लागि माग गर्ने प्रचलन रहेको हुँदा विविध खर्च शिर्षकबाट माछीखोला प्रहरी चौकीलाई रु. १५००० ।- र केरौजा, लाप्राक अस्थाई प्रहरी चौकीलाई रु १०,००० ।- का दरले उपलब्ध गराउने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

CamScanner

आज मिति २०८२ साल असोज २५ गते शनिबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

<u>उपस्थितिहरु:</u>

| क. सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री बुद्धिराम बस्नेत | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री ~~पन्जुर गुरुङ (का.वा.अध्यक्ष)~~ राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

<u>अन्य उपस्थिति</u>

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलराम श्रेष्ठ | लेखा अधिकृत | |
| २ | श्री विजय कुमार श्रेष्ठ | जिन्सी शाखा प्रमुख | |
| ३ | श्री विनायक तिमिल्सिना | प्रशासकीय अधिकृत | |
| ४ | श्री सनत राई | ईन्जिनियर | |

CamScanner

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा सम्वन्धमा ।
२. चालु आ.व.को हालसम्म भएका विकास निर्माण र सेवा प्रवाहको बारेमा मासिक रिपोर्टिङ सम्बन्धमा ।
३. केरौजा स्वास्थ्य चौकी भवनको बजेट माग सम्वन्धमा ।
४. सडक मर्मत तथा सरसफाई सम्वन्धमा ।
५. गाउँपालिकास्तरीय अनुगमन समिति गठन सम्वन्धमा ।
६. विविध परिपत्र सम्वन्धमा ।
७. कृषकलाई कृषि विउ वितरण सम्वन्धमा ।
८. एम्बुलेन्स चालकको विज्ञापन सम्वन्धमा ।
९. माछीखोला-रेसे बेलिब्रिज साइडको बाटो ढलान स्टिमेंट सम्वन्धमा ।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस धार्चे गाउँपालिकाको वडा नं २ मा ७७७ घरधुरीको लगभग ३२०० जना लाभान्वित जनसंख्यालाई सेवा दिईरहेको स्वास्थ्य संस्था केरौजा स्वास्थ्य चौकीको भवन २०७२ को विनाशकारी भुकम्पमा विनाश भए पश्चात तत्कालको भवन समस्या समाधानको लागि फेज नेपाल नामक गैर सरकारी संस्थाबाट निर्माण गरिएको ४ कोटे प्रिफ्याक भवन हाल दिनानुदिन जिर्ण अवस्थामा गुज्रिरहेको र ठाउँ साघुरो भई सेवाप्रवाहमा कठिनाइ भएको र पालिकाको आन्तरिक स्रोतबाट भवन निर्माण गर्न नसकिएको हुँदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा आ.व २०८३/८४ को लागि बजेट माग गर्ने निर्णय गरियो ।
४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको क्षेत्रभित्र वर्षायामको समयमा मनसुनजन्य विपदका घटनाहरुबाट क्षति भएका पदमार्ग तथा सडकहरु प्राविधिक सर्वेक्षण तथा मुल्याङ्कन गरि आवश्यकता तथा प्राथमिकताका आधारमा सरसफाई गरि मानिसहरु, सवारी साधन तथा पशुचौपाय आवतजावतमा सहजता ल्याउन गाउँपालिकाको मेसिन पुग्ने ठाउँसम्म मेसिनले सडक सरसफाई गर्ने, केरौजा-काशीगाउँ सडक खण्ड बढी क्षति भएको र प्राविधिक इस्टिमेट रु ३,४०,००० ।- भएकोले कोटेशन माग गरी तिहार अगाडी नै सरसफाई गर्ने साथै गुम्दा-यामगाउँ-लप्सीबोट सडकखण्ड दशै अगाडी नै अमानतबाट सरसफाई गरिसकेकोले सोको भुक्तानी दिने निर्णय गरियो ।
५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा धार्चे गाउँपालिकाद्वारा सञ्चालन हुने योजनाहरुको निर्धारित गुणस्तर र समय सीमाको सुनिश्चितता कायम गर्न, सम्भावित जोखिमबाट भविष्यमा पर्न सक्ने प्रभावका बारेमा लेखाजोखा गरी समयमा नै क्षति न्युनीकरणमा पूर्वतयारी गर्न, विकास निर्माणसँग सम्बन्धित सबै सरोकारवालालाई अनुशासित, मर्यादित, जिम्मेवार र कर्तव्यनिष्ठ बनाई आर्थिक अनुशासन कायम राखी सुशासन पारदर्शीता तथा लागत प्रभावकारिता कायम गरी विकास निर्माणमा गुणस्तरियता कायम गर्ने प्रयोजनार्थ पुर्वगठित अनुगमन तथा मूल्याङ्कन समितिलाई निरन्तरता दिने निर्णय गरियो ।
६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार, काठमाडौंको च.नं.११३ मिति २०८२/०६/०८ र नेपाल सरकार अर्थ मन्त्रालय को च.नं. ११८ मिति २०८२/०६/०७ को नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०८२/०६/०५ मा भएको निर्णय कार्यान्वयन गर्ने/गराउने सम्वन्धी परिपत्र सम्वन्धमा प्रमुख प्रशासकीय अधिकृत मार्फत बैठकमा पेश भई छलफल भयो सो सम्बन्धमा अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्न भएका निर्देशनहरु पालिकाले कार्यान्वयन गर्दै जाने र दरबन्दी बाहेकका अस्थाई तथा करार कर्मचारीलाई तत्काल हटाउँदा गाउँपालिकाको कार्यसम्पादनमा असर पर्ने देखिएकोले हाललाई निरन्तरता दिने निर्णय गरियो ।
७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट बमोजिम कृषि विकस शाखाबाट खरिद गरिएको काउली, बन्दा र सागको विउ वडागत जनसङ्ख्यालाई मध्यनजर गर्दै तपशिल बमोजिमको प्याकेट वितरण गर्ने निर्णय गरियो ।

CamScanner

| बिउको नाम | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | वडा नं. ७ |
|---|---|---|---|---|---|---|---|
| काउली(प्याकेट) | १२० | १७५ | १७५ | १७५ | १७५ | १७५ | १७५ |
| बन्दा(प्याकेट) | १२० | १७५ | १७५ | १७५ | १७५ | १७५ | १७५ |
| साग(प्याकेट) | ६० | ८० | ८० | ८० | ८० | ८० | ८० |

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिकामा कार्यरत एम्बुलेन्स चालक उमेश गुरुङ हालसम्म एम्बुलेन्स चालकको रुपमा कार्यरत रहेकोमा निजको विषयमा बारम्बार एम्बुलेन्स सेवा प्रभावकारी नभएको भनी सेवाग्राहीबाट बारम्बार गुनासो प्राप्त भएको र निजको कार्यसम्पादन सन्तोषजनक नभएकोले निजलाई हटाई एम्बुलेन्स चालकको नयाँ विज्ञापन गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा भीसि थमन मार्ग अन्तर्गत पर्ने माछीखोला बेलिब्रिज साइडको बाटो नियमित रुपमा सुचारु गर्न ढलान गर्नुपर्ने भएकोले ढलान गर्न लाग्ने लागतको प्राविधिक इस्टिमेट रु ६,९७,४७५ ।- भएकोले कोटेशन माग गरी निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

आज मिति २०८२ साल कार्तिक २२ गते शनिबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

<u>उपस्थितिहरु:</u>

| क्र. सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री बुद्धिराम बस्नेत | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री ~~पन्दुर~~ गुरुङ (का.वा.अध्यक्ष) राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | सुनमाया |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

<u>अन्य उपस्थिति</u>

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलराम श्रेष्ठ | लेखा अधिकृत | |
| २ | श्री विजय कुमार श्रेष्ठ | जिन्सी शाखा प्रमुख | |
| ३ | असिम गुरुङ | फिल्ड सहायक | |

CS CamScanner

प्रस्तावहरु:

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. चालु आ.व.को हालसम्म भएका विकास निर्माण र सेवा प्रवाहको बारेमा मासिक रिपोर्टिङ सम्बन्धमा ।
३. मंसिर १९ गते विद्यालय बिदा दिने सम्बन्धमा ।
४. संस्था दर्ता विधेयक २०७८ संशोधन सम्बन्धमा ।
५. कृषि अनुदान सम्बन्धमा ।
६. अर्गानिक प्रमाणित(पी.जी.एस.) सम्बन्धमा।
७. लघु उद्यम सृजना कार्यक्रमको लागि वडा छनौट सम्बन्धमा ।
८. न्यायिक समितिको मासिक प्रगति प्रतिवेदन सम्बन्धमा ।
९. पशु सेवा शाखाबाट कार्यान्वयन हुने विविध कार्यक्रम सम्बन्धमा ।
१०.विविध परिपत्र सम्बन्धमा ।
११.पार्किङ व्यवस्थापन सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८२/०८/१८ देखि मिति २०८२/०८/२० सम्म यस धार्चे गाउँपालिकामा राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता हुन गइरहेकोले उक्त प्रतियोगितामा सबै विद्यालयहरुलाई सहभागी गराउनका लागि मिति २०८२/०८/१९ गते एकदिन पालिका भित्रका सबै विद्यालयहरुलाई बिदा दिने निर्णय गरियो ।
४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा धार्चे गाउँपालिकाभित्र संस्था दर्ता र व्यवसाय दर्ता गर्न बनाइएको संस्था दर्ता ऐन,२०७६ र व्यवसाय दर्ता ऐन,२०७८ मा समयानुकुल परिमार्जन गरी संस्था दर्ता र व्यवसाय दर्तालाई सहज सरल र सेवाग्राहीमैत्री बनाउनका लागि आवश्यक संशोधन गर्ने निर्णय गरियो ।
५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को वार्षिक बजेटमा कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रममा नगद उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा गाउँपालिका भित्रका कृषक,निजी फर्म, कृषक समूह तथा कृषि सहकारीहरुले कृषि खेति बाट उत्पादित कृषिजन्य उत्पादनमा आधारित प्रोत्साहन रकम लिनका लागि सम्बन्धित वडा कार्यालय र कृषि शाखाले आवेदन संकलन गर्ने र प्राप्त आवेदन कृषि ज्ञान केन्द्र र अन्य निकायसँग दोहोरो परे नपरेको एकिन गरी वितरण गर्ने निर्णय गरियो ।
६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा धार्चे गाउँपालिकाभित्र उत्पादित कृषि उत्पादनलाई प्राङगारिक प्रमाणपत्र वितरण गरी साना किसानहरुको उत्पादनलाई बजारीकरण गर्नका लागि आवश्यक विविध प्रक्रियाका लागि सिआरएस र स्वारा सदन संस्थासँग साझेदारी गरी पिजिएस प्रमाणित कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।
७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०८२/८३ का लागि नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको शसर्त अनुदान अन्तर्गत गरिबी निबारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) यस वर्ष धार्चे गाउँपालिकाको वडा नं. ६ काशीगाउँ लाई लक्षित गरी मेडपा निर्देशिका,२०७७ अनुसार कार्यक्रम अगाडी बढाउने निर्णय गरियो ।
८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०८२/८३ को न्यायिक समितिको श्रावण महिनादेखि कार्तिक महिनासम्मको मासिक प्रगति प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा पेश भई जानकारी भयो ।
९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व. २०८२/८३ मा पशुसेवा शाखाबाट सञ्चालन हुने देहायका विविध कार्यक्रमहरु प्रमुख प्रशासकीय अधिकृतमार्फत पशुसेवा शाखाबाट बैठकमा पेश भई छलफल भयो । सो सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो
क.मासुजन्य उत्पादनको आधारमा नगद अनुदान कार्यक्रम कार्यविधि-२०८१ लाई संशोधन गरी सोही बमोजिम गर्ने ।
ख.भेडा प्रवर्द्धन कार्यक्रम अन्तर्गत भेडाको उन काटने हाते कैची र इलेक्ट्रिक कैची खरिद गरि वितरण गर्ने ।

CamScanner

ग. चरन खर्क सुधार कार्यक्रम अन्तर्गत गाईबस्तु तथा भेडाबाखालाई पानी खुवाउने पोखरी निर्माणका लागि आवश्यक पाइप खरिद गरि सबै वडा कार्यालयहरुलाई बराबर वितरण गर्ने र वडा कार्यालयले पोखरी निर्माणका लागि व्यवस्था गर्ने ।

घ. व्यवसायिक पशुपंक्षी सम्बन्धी तालिम अन्तर्गत बाखापालन र ब्रोइलर पालन सम्बन्धी तालिम दिने ।

१०.प्रस्ताव नं १० माथि छलफल गर्दा गण्डकी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय को निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धी पत्र बैठकमा पेश भई छलफल भयो । सो सम्बन्धमा आयोजना प्राथमिकिकरण र पूँजीगत खर्च व्यवस्थापन अन्तर्गत १० लाख भन्दा बढीका आयोजनाहरु उपभोक्ता समितिबाट अर्को निर्देशन नआएसम्म हाललाई उपभोक्ता समितिमार्फत नगराउने र खर्च मितव्ययिता कायम गर्न यथासम्भव प्रयास गर्ने निर्णय गरियो ।

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा माछीखोला बजार क्षेत्रमा सवारीसाधनको चाप अत्याधिक रहेकोले सडकमा गाडीहरु यत्रतत्र पार्किङ गरि राखेकोले गाडी पास गर्न कठिनाई हुने भएकोले मंसिर १ गते देखि लागु हुने गरी साना गाडी तथा बसको पार्किङ व्यवस्थापन धार्चे गाउँपालिकाको कभर्डहल अगाडी गर्न प्रहरी चौकी माछीखोलासँग समन्वय गरी गर्ने गराउने निर्णय गरियो ।

CamScanner

आज मिति २०८२ साल मंसिर २७ गते शनिबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

**उपस्थितिहरु:**

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री सनम राई (नि.प्र.प्र.अ.) | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

**अन्य उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | दिपक राना मगर | प्रा. स. | |

प्रस्तावहरु:

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. प्रथम चौमासिक हालसम्मको सेवा प्रवाह र विकास निर्माण कार्यको समिक्षा सम्बन्धमा ।
३. वडा सचिव खटनपटन सम्बन्धमा ।
४. उपभोक्ता समितिको कार्य सिलिङ तोक्ने सम्बन्धमा ।
५. प्रधानमन्त्री रोजगार कार्यक्रमको छनौट गरिएको योजना सम्बन्धमा ।
६. न्याउली खोला ग्लास पुल निर्माण कार्यको भेरिएसन सम्बन्धमा ।
७. राष्ट्रपति रनिङ शिल्डको समिक्षा सम्बन्धमा ।
८. क्षत्रिय भलिबल प्रतियोगिता आरुघाटलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।
९. खानेपानी उपभोक्ता समिति दर्ता गर्ने सम्बन्धमा ।
१०.हिउँदे सभा सम्बन्धमा ।
११.सार्वजनिक सुनुवाई सम्बन्धमा ।
१२.खोत्राङखोला काठेपुल निर्माण रुन्चेत माछीखोला सडक सरसफाई र रेसे बाटो मर्मतको भुक्तानी सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा धार्चे गाउँपालिका अन्तर्गतका विभिन्न वडाहरुमा कार्यरत कर्मचारीहरुको सरुवा भएको र एउटै वडा सचिवलाई दोहोरो जिम्मेवारी दिदा वडाहरुको सेवा प्रवाहमा असर परेको हुँदा एक वडा एक सचिव हुने गरी देहायका कर्मचारीहरुलाई देहायका वडाहरुको सचिवको जिम्मेवारी दिने निर्णय गरियो ।

| क्र.सं. | नाम | पद | खटाइएको वडा कार्यालय |
|---|---|---|---|
| १. | आशमान तामाङ | वरिष्ठ प्रशासन सहायक | २ नं. वडा कार्यालय |
| २. | विज्जन भण्डारी | वरिष्ठ प्रशासन सहायक | ४ नं. वडा कार्यालय |
| ३. | उमेश परियार | अ.स.ई. | ५ नं. वडा कार्यालय |
| ४. | सुजिता कुमारी यादव | अ.हे.व. | ६ नं. वडा कार्यालय |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा जेनजी आन्दोलन पश्चात गठित सरकारको मन्त्रीपरिषदको निर्णय र अर्थ मन्त्रालय सामान्य प्रशासन मन्त्रालयको परिपत्र सम्बन्धमा पुन बैठकमा पेश भई छलफल भयो । सो सम्बन्धमा गाउँपालिकाले अन्य अनावश्यक प्रशासनिक खर्च कटौती गर्दै जाने र १० लाख माथिका योजना उपभोक्ता समितिमार्फत नगराउने सम्बन्धमा धार्चे गाउँपालिकाको भौगोलिक अवस्थाका कारण ठेक्का प्रकृयामा जाँदा समयमै ठेक्का नपर्ने परिहाले पनि ठेकेदारले काम सम्पन्न नगरी अलपत्र छोड्ने अवस्था विगतमा पनि देखिएको र विभिन्न सार्वजनिक खरिद ऐन नियमावलीमा पनि आन्तरिक स्रोत साधन र रोजगारीलाई प्रवर्द्धन गर्न उपभोक्ता समितिमार्फत काम गर्ने गराउने व्यवस्थाका साथै सर्वोच्च अदालतबाट बागमती प्रदेश सरकारको नाममा साविक बमोजिम नै गर्नु भनि अन्तरिम आदेश समेतको नजिरको आधारमा धार्चे गाउँपालिकाले पनि १० लाख भन्दा माथिका योजना उपभोक्ता समिति मार्फत नै गर्ने निर्णय गरियो ।
५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०८२/८३ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित बजेट धार्चे गाउँपालिकाका सबै वडामा तपशिल बमोजिम दामासाहीले बाड्ने निर्णय गरियो ।

तपशिल

CamScanner

| क्र. सं. | योजनाको नाम | ठेगाना | नेपाल सरकार बजेट रु.३१,७२,०००.०० | गा.पा. बजेट रु.२१,२२,०००.०० | कुल बजेट रु.५२,९४,०००.०० | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ज्यौरक्पे देखि ठूलो ढुङ्गासम्म गोरेटो बाटो निर्माण | धार्चे – १, हुल्चुक | रु.0.00 | रु.३,०३,१४२.०० | रु.३,०३,१४२.०० | |
| २ | क्युवाङ देखि लुताङवाङ सम्म जाने गोरेटो बाटो निर्माण | धार्चे – १, हुल्चुक | रु.४,५३,१४४.०० | रु.0.00 | रु.४,५३,१४४.०० | |
| ३ | श्योङदो देखि टाथोसम्म गोरेटो बाटो निर्माण | धार्चे – २, रुन्चेत | रु.४,५३,१४४.०० | रु.३,०३,१४२.०० | रु.७,५६,२८६.०० | |
| ४ | खोर्ला वेशी देखि खोर्ला गाउँ गोरेटो बाटो मर्मत | धार्चे – ३, खोर्ला गाउँ | रु.४,५३,१४३.०० | रु.३,०३,१४३.०० | रु.७,५६,२८६.०० | |
| ५ | म्यासुम दुङलुङ्चे देखि नयाँ बस्ती जाने गोरेटो बाटो निर्माण | धार्चे – ४, लाप्राक | रु.४,५३,१४३.०० | रु.३,०३,१४३.०० | रु.७,५६,२८६.०० | |
| ६ | माझगाउँ देखि गुम्दा माथिल्लो गाउँसम्म गोरेटो बाटो निर्माण | धार्चे – ५, गुम्दा | रु.१,४०,०००.०० | रु.३,०३,१४२.०० | रु.४,४३,१४२.०० | |
| ७ | लिस्याङगाङ देखि सिङ्गला गाउँसम्म गोरेटो बाटो निर्माण | धार्चे – ५, सिङ्गला | रु.३,१३,१४४.०० | रु.० | रु.३,१३,१४४.०० | |
| ८ | गुम्बु स्योङ र गुम्बा जाने बाटो मर्मत | धार्चे – ६, काशी गाउँ | रु.४,५३,१४०.०० | रु.० | रु.४,५३,१४०.०० | |
| ९ | खाले गाङ बाटो निर्माण र विसिङ गाङ ढल निकास निर्माण | धार्चे – ६, यार्सा गाउँ | रु.० | रु.३,०३,१४४.०० | रु.३,०३,१४४.०० | |
| १० | लापुवेशी फयाङकोनान गोरेटो बाटो निर्माण तथा मर्मत सम्भार | धार्चे – ७, लापुवेशी | रु.१,०४,०००.०० | रु.३,०३,१४४.०० | रु.४,०७,१४४.०० | |
| ११ | खानी गाउँ देखि लापु गाउँ सम्मको गोरेटो बाटो निर्माण तथा मर्मत सम्भार | धार्चे – ७, खानी गाउँ | रु.३,४९,१४२.०० | रु.० | रु.३,४९,१४२.०० | |
| १२ | जम्मा | | रु. ३१,७२,०००.०० | रु.२१,२२,०००.०० | रु.५२,९४,०००.० | |

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा न्याउली खोला ग्लास पुल निर्माण-सम्बन्धमा डीपीआर रिपोर्ट अनुसार २•२ मिटरको ग्लास फिल्डमा लैजान असहज हुने ग्लासको साइज ७५ मि.मि. असान्दर्भिक भएको र नेपालमा उपलब्ध नहुने जस्ता विविध प्राविधिक कारणले गर्दा उक्त ग्लासको साइज र ग्रिड घटाइ भेरिएसन गर्न सोही फर्म इस्ट इन्जिनियरिङ प्रा.लि. ललितपुरलाई Structural Analysis गरी पठाउनको लागि जिम्मा दिने र प्राप्त रिपोर्ट प्राविधिक शाखाबाट रुजु गरी सोही बमोजिम गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिति २०८२/०८/१८ देखि मिति २०८२/०८/२० सम्म सञ्चालित राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सफलतापूर्वक सम्पन्न भएको परिप्रेक्ष्यमा उक्त कार्यक्रममा विनियोजित बजेटको प्रयाप्तता अप्रयाप्तता सम्बन्धमा समीक्षा गरी अपुग देखिएमा के कति अपुग हुन आउछ सोही बमोजिम अर्को कार्यपालिका बैठकमा छलफल गरी आवश्यक बजेटको व्यवस्था गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा आरुघाट युवा क्लबको आयोजना तथा आरुघाट गाउँपालिकाको सह आयोजनामा मिति २०८२/०९/०१ गते देखि २०८२/०९/०५ गतेसम्म सञ्चालन हुन गइरहेको प्रथम आरुघाट भलिबल प्रतियोगिता तथा सांस्कृतिक एवं आँगन खाना महोत्सव २०८२ लाई सहयोग स्वरुप रु ५०,००० ।- आर्थिक सहयोग गर्ने र उक्त प्रतियोगितामा धार्चे गाउँपालिकाबाट सहभागी हुने खेलाडी समेत २० जनालाई खानाबस्न लाग्ने खर्च गाउँपालिकाले बेहोर्ने साथै जिल्ला स्तरीय

CamScanner

राष्ट्रपति रनिङ शिल्ड जिल्ला खेलकुद विकास समितिबाट आरुघाटमा आयोजना हुन लागेकोले उक्त कार्यक्रमलाई भव्यताका साथ सञ्चालन गर्न धार्चे गाउँपालिका पनि सहआयोजक हुने भएकोले रु १,५०,००० ।- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा लाप्राक पुरानो बस्ती खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता प्रकृयाको लागि गाउँपालिकामा कागजात पेश गरेको र कार्यपालिकाबाट दर्ता स्वीकृती प्रदान गर्नु पर्ने भएकोले आवश्यक प्रकृया पुरा गरी दर्ता गर्ने निर्णय गरियो ।

१०.प्रस्ताव नं. १० माथि छलफल गर्दा चालु आ.ब. २०८२/८३ को हिउँदे सभा मिति २०८२/०९/२६ गते शनिबारका दिन गर्ने निर्णय गरियो ।

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा प्रस्तुत विषयका सम्बन्धमा सुशासन (व्यवस्थापन तथा संचालन) ऐन तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम प्रत्येक सार्वजनिक निकायहरुले आफुले सम्पादन गरेको कामकारवाहीका बारेमा आम जनतालाई सुसूचित गर्ने गराउने प्रयोजनार्थ प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने कानूनी व्यवस्था बमोजिम यस गाउँपालिकाको आ.व. २०८२/०८३ को पहिलो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२/०९/१२ गते माछीखोलामा गर्ने निर्णय गरियो ।

१२.प्रस्ताव नं. १३ माथि छलफल गर्दा बर्षायामसँगै भएको भारीवर्षा र पहिरोले गर्दा खोत्राङखोलामा र रेसेमा बाटो अबरुद्ध भएकोले तत्काल सुचारु गर्न अमानतबाट कार्य सम्पन्न गरिएकोले तपशिल बमोजिमको रकम आकस्मिक सडक तथा बाटो निर्माण तथा मर्मत शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

<u>तपशिल</u>

क.रेसे बाटो मर्मत-३०७११.०० ।-

ख.खोत्राङखोला काठेपुल निर्माण-६५४९३.२३ ।-

ग.रुन्चेत-माछीखोला सडक सरसफाई-३२३८१९.४३ ।-

CamScanner

आज मिति २०८२ साल पौष २५ गते शुक्रबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

**उपस्थितिहरु:**

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री बुद्धिराम बस्नेत | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

**अन्य उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सनम राई | इन्जिनियर | |
| | | | |
| | | | |

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको निर्णय कार्यान्वियन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. प्रथम चौमासिक हालसम्मको सेवा प्रवाह र विकास निर्माण कार्यको समिक्षा सम्बन्धमा ।
३. कृषि नीति र PGS कार्यविधि सम्बन्धमा ।
४. गत आ.व. २०८१/०८२ को खर्च अनुमोदनका लागि सभामा पेश गर्ने सम्बन्धमा ।
५. चालु आ.व. २०८२/०८३ को हालसम्मको आर्थिक प्रगति सम्बन्धमा ।
६. चालु आ.व. २०८२/०८३ को न्यायिक समितिको अर्धवार्षिक प्रतिवेदन सम्बन्धमा ।
७. चालु आ.व. २०८२/०८३ योजना, कार्यक्रम तथा बजेटको संशोधन तथा रकमान्तर सम्बन्धमा ।
८. कानूनहरु अनुमोदन गर्नका लागि सभामा पेश गर्ने सम्बन्धमा ।
९. आ.व. २०८०/०८१ को बेरुजु फर्छ्यौटका लागि सभामा पेश गर्ने सम्बन्धमा ।
१०.हालसम्मको कार्यपालिकाबाट भएको हालसम्मको निर्णयहरु अनुमोदनका लागि सभामा पेश गर्ने सम्बन्धमा ।
११.बजेट वक्तव्य प्रस्तुतकर्ता तोक्ने सम्बन्धमा ।
१२.पुर्ण खोप कार्यक्रम सम्बन्धमा ।
१३.करार म्याद थप सम्बन्धमा ।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वियन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा कृषि सम्बन्धी विभिन्न कार्यविधि मापदण्ड तय गर्दा दिर्घकालीन कृषि नीति आवश्यक पर्ने र चालु आ.व.मा PGS कार्यक्रम कार्यान्वयनका लागि कृषि नीतिलाई आधार बनाउनु पर्ने भएकोले कृषि शाखाबाट विभिन्न निकायसँग समन्वय गरी कृषी नीतिको मस्यौदा तयार गर्ने निर्णय गरियो ।
४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८१/०८२ मा गाउँपालिकाबाट भएको चालु खर्च र पूँजीगत खर्च देहायबमोजिम रहेको हुँदा अनुमोदनका लागि सभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल

| | विनियोजित रकम (रू.) | खर्च रकम (रू.) | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | ३२,४२,०७,७७८ | २७,१४,०७,४७५.६२ | ८३.७१% |
| पूँजीगत तर्फ | १८,३८,०१,२२२ | १०,८२,२८,८६३.४५ | ५८.८८% |
| जम्मा | ५०,८०,०९,००० | ३७,९६,३६,३३९.०७ | ७४.७३% |

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व. २०८२/०८३ को हालसम्मको तपशिल बमोजिमको अर्धवार्षिक आर्थिक प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा अर्धवार्षिक खर्चको अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

CamScanner

तपशिल

| | विनियोजित रकम (रू.) | खर्च रकम (रू.) | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | ३५,५३,४८,६१९ | १०,२३,१२,७९० | २०.०३% |
| पूंजीगत तर्फ | १६,७२,९०,००० | २३,९६,७६३ | १.४३% |
| जम्मा | ५२,२६,३८६१९ | १०,४७,०९,५५३ | २८.७९% |

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा छलफल गर्दा चालु आ.व. २०८२/०८३ को न्यायिक समितिको अर्धवार्षिक प्रगति प्रतिवेदन सदस्य श्री किशान गुरुङमार्फत बैठकमा पेश भई जानकारी भयो । सो सम्वन्धमा अर्धवार्षिक प्रगति प्रतिवेदन अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आ.व. २०८२/०८३ को वार्षिक योजना तर्जुमा नीति कार्यक्रम तथा बजेट पुस्तिकामा सूचिकृत रहेका तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरुलाई देहाय अनुसार संशोधन गरी आगामी १९ औ हिउदे सभाबाट पारित गर्न प्रस्ताव लाने निर्णय गरियो ।

तपशिल:

| क्र.सं. | साविक योजना तथा कार्यक्रम | विनियोजित बजेट | संशोधित योजना तथा कार्यक्रम |
|---|---|---|---|
| १ | मेघा विद्यालय होस्टेल ब्लक निर्माण | ५०००००० | पार्की मावि छात्रावास मर्मत |
| | | | कालढाडी मावि छात्रावास ट्रस्ट भवन निर्माण |
| | | | मन्जुश्री मावि छाना मर्मत |
| | | | अमरज्योति मावि खेलमैदान निर्माण |
| | | | गोरखनाथ मावि शौचालय निर्माण |
| | | | सुर्यदेवी मावि शौचालय मर्मत |
| | | | केरौंजा मावि दुईकोठे भवन प्लास्टर |
| | | | सातकन्या मावि भवन |
| | | | मच्छकी मावि शौचालय निर्माण |
| | | | उहिया दलित गाउँ बाट जंगल जाने बाटो |
| | | | लाकपाल खानेपानी मुहान मर्मत |
| | | | लापाक ढमालन खर्क देखि पुङ्वालोंग खर्क गोरेटो बाटो |
| | | | ढार्चे आमा समूह फोहोरमैला व्यवस्थापन |
| | | | बसालाई शौचालय निर्माण |
| | | | कार्तिकेरी गोरेटो बाटो निर्माण |
| २. | लापाक मिनरल वाटर व्यवस्थापन | १०००००० | सेप्कुङ महिला समूह ट्रस्ट भवन |
| | | | नर्सिङखोला भिउप्वाइन्ट निर्माण |
| ३ | हिमाली आमा समूह गेट निर्माण | ८००००० | जौडिङ गोरेटो बाटो निर्माण |
| | | | तातोपानी मेला व्यवस्थापन |
| | | | सामाजिक परीक्षण |
| ४ | सिरिर्ग भिरकुना सडक | १५००००० | सिरिस सार्वजनिक शौचालय निर्माण |
| | | | भिरकुना सडक निर्माण |
| ५ | भेर्ती थमन सडक | ५०००००० | लोर्के सिन्धुखोला सडक |
| | | | |
| ६ | वातावरण फोहोरमैला व्यवस्थापन | १५००००० | बजार नाली निर्माण तथा सडक ढलान |
| ७ | ग्रिन स्कुल प्रोजेक्ट | ७५००० | जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम |
| | कृषितर्फ विद्यार्थी कार्यक्रम | १००००० | |
| | शिक्षक पाठयोजना डायरी | १२५००० | |
| ८ | पर्यटन बोर्ड ,सडक बोर्ड तथा अन्य संघ संस्था संग साझेदारी | ८००००० | इच्छा मावि स्वर्ण महोत्सव स्तम्भ निर्माण |
| | | | [illegible] स्वास्थ्य चौकी [illegible] |

| | | | |
|---|---|---|---|
| | | | [illegible] |
| १० | दुवान टोका सडक | १०००००० | दुवान देखि सचि सडक |
| ११ | वर्मा युवा क्लब खेलकुद मैदान निर्माण | ६००००० | वार्सा सुविधी क्लब भवन निर्माण |
| १२ | चडगाड मनी पर्खाल पैराफर | ३००००० | चडगाड मनी शौचालय निर्माण |
| १३ | वडा नं १ को बजेट<br>कृषि कार्यक्रम | २००००० | दम्मकर्चेत खानेपानी मर्मत |
| | | | सन्ताधारी गोरेटो बाटो मर्मत |
| १४ | वडा नं २ को बजेट | | |
| क. | छाम्बास देखि थोपेर सम्मको अधुरो ढलनिकास | २००००० | सेकाली सिर्जनशिल युवा क्लब भवन मैदान सम्याउने |
| १५ वडा नं ३ को बजेट | | | |
| क. | खतकन्या माबि गेट निर्माण | १५०००० | खतकन्या माबि गेट तथा पिसिसी बर्जड निर्माण |
| ख. | घलेगाउँ खानेपानी इन्टेक निर्माण | ५००००० | घलेगाउँ खानेपानी इत निर्माण |
| ग. | उहिया खेलकुद मैदान निर्माण | ५००००० | उहिया खुलकुद मैदान स्तरोन्नती |
| घ. | खोरला खेलकुद मैदान व्यवस्थापन | ५००००० | खोरला खेलकुद मैदान स्तरोन्नती |
| ङ. | दुब्ला गोरेटो बाटो ढुङ्गा छापनी | ५५०००० | दुब्ला गोरेटो बाटो पिसिसी ढुङ्गा छापनी |
| १६. वडा नं ४ को बजेट | | | |
| | | | |
| क. | सामुदायिक भवन निर्माण | १६००००० | जलहेकी मैदान निर्माण |
| १७.वडा नं ५ को बजेट | | | |
| क. | लाम्पीखेट मनी ढाँडा बस्ने ठाउँ रेलिङ निर्माण | २५०००० | लाम्पीखेट मनी ढाँडा बस्ने ठाउँ रेलिङ निर्माण तथा छापनी |
| १८ वडा नं ६ को बजेट | | | |
| क. | गुम्बा सामग्री खरिद | ६००००० | गुम्बा माल्यापर निर्माण |
| ख. | धारकाड टोल धारन भवन निर्माण | ३००००० | धर्ने बाल निर्माण |
| ग. | सुविधी सा.वि. चौहद्दी पिपल्नला | ३००००० | सुविधी सामिक उत्पाद व्यवस्थापन |
| १९. वडा नं ७ को बजेट | | | |
| क. | महिला सशक्तिकरण | १००००० | गैलीखोला ढोंडी लघु जलविद्युत मर्मत |
| ख. | स्वास्थ्य तथा पोषण कार्यक्रम | १००००० | |
| | जम्मा | १८०००००० | |

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा चालु आ.व. २०८२/०८३ को नीति बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि गाउँ कार्यपालिकाबाट पास भएका तपशिल बमोजिमका कानूनहरु गाउँसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

तपशिल

क. धार्चे गाउँपालिकाको योजना अनुगमन मुल्याङ्कन तथा अनुगमन समितिको कार्यसञ्चालन कार्यविधि,२०८२

ख. कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि,२०८२

ग. संस्था दर्ता ऐन२०७६, पहिलो संशोधन

घ. व्यवसाय दर्ता ऐन२०७८, पहिलो संशोधन

ङ. धार्चे गाउँपालिकाको पशु सेवा शाखाबाट सचालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

च. धार्चे गाउँपालिकाको कृषि विकास शाखाबाट संचालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

छ. मासुजन्य उत्पादनको आधारमा नगद अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८१ पहिलो संशोधन

ज. कृषिमा उत्पादनको आधारमा नगद अनुदान कार्यविधि, २०८२

झ. धार्चे गाउँपालिकाको बाल अधिकार संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन सम्वन्धी एकीकैत कार्यविधि,२०८२

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व. २०८०/०८१ र २०८१/०८२ को अन्तिम लेखा परिक्षणमा महालेखा परिक्षकको कार्यालयबाट विविध शिर्षकमा सैद्धान्तिक बेरुजु, प्रमाण पेश गर्नुपर्ने, अनियमित भएको र असुल गर्नेपर्ने भनि विभिन्न बेरुजुहरु

औल्याएको सम्बन्धमा उक्त केहि बेरुजुहरुको सम्परिक्षणका लागि लेखा समितिबाट बेरुजु फछ्यौटको प्रायोजनका लागि पेश भएको आवश्यक प्रक्रिया अनुमोदनका लागि सभामा पेश निर्णय गरियो ।

१०.प्रस्ताव नं. १० माथि छलफल गर्दा चालु आ.व. २०८२/०८३ को साउनदेखि हालसम्म बसेको गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरुको अनुमोदनका लागि १९ औ हिउँदे गाउँसभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपशिल

हालसम्मका कार्यपालिका बैठकबाट भएका निर्णयहरुको अनुमोदन

| | | | |
|---|---|---|---|
| कार्यपालिका बैठक २०८२।०४।१९ | 12/18/2025 3:52 PM | Microsoft Word D... | 47 KB |
| कार्यपालिका बैठक २०८२।०५।१९ | 9/16/2025 2:27 PM | Microsoft Word D... | 50 KB |
| कार्यपालिका बैठक २०८२।०६।०५ | 11/12/2025 1:30 PM | Microsoft Word D... | 49 KB |
| कार्यपालिका बैठक २०८२।०६।२५ | 11/6/2025 1:32 PM | Microsoft Word D... | 44 KB |
| कार्यपालिका बैठक २०८२।०७।२२ | 12/13/2025 3:03 PM | Microsoft Word D... | 43 KB |
| कार्यपालिका बैठक २०८२।०८।२७ | 12/31/2025 11:17 AM | Microsoft Word D... | 46 KB |
| कार्यपालिका बैठक २०८२।०९।२५ | 1/4/2026 10:54 AM | Microsoft Word D... | 42 KB |

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा १९ औ हिउँदे गाउँसभामा संशोधित बजेट बक्तव्य पेश गर्न गाउँपालिकाका उपाध्यक्ष वैदेशिक भ्रमणमा रहेका कारण उपस्थित हुन नसक्ने भएकोले यसै गाउँपालिका वडा नं. २ का वडाध्यक्ष श्री सरोज गुरुङलाई बजेट बक्तव्य प्रस्तुतकर्ताको रुपमा तोक्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा जिल्ला पशु सेवा कार्यालय गोरखाद्धारा धार्चे गाउँपालिकाका सबै वडामा पशुहरुलाई रोग लाग्न नदिन तथा मासुजन्य उत्पादनमा वृद्धि गरी कृषकको आम्दानी बढाउने उदेश्यले पुर्ण खोप कार्यक्रम यही माघ महिनामा लागु हुने भएकोले उक्त कार्यालयबाट खटाइएका खोपकर्तालाई आवश्यक समन्वय सहजीकरण सबै वडा कार्यालयहरुले गर्ने निर्णय गरियो ।

१३.प्रस्ताव नं. १३ माथि छलफल गर्दा धार्चे गाउँपालिका र अन्तर्गतका निकायमा करार सेवामा कार्यरत कर्मचारीहरुको करार सम्झौताको म्याद यही पुस मसान्तसम्म सकिने र गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन निरन्तरता दिनुपर्ने भएकोले सबै कर्मचारीहरुको पुन ६ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो ।